नेपाल सरकार
भूमि समस्या समाधान आयोग

# जिल्ला समिती, गुल्मी

प.स.:-२०८२/०८३
च.न.:- १०

नेपाल सरकार भूमि समस्या समाधान आयोग जिल्ला समिति गुल्मी

मिति:२०८२/०५/०२

श्री नगरपालिका र गाउँपालिका कार्यालय सबै,
गुल्मी।

विषय:- जानकारी गराईएको सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार भूमि समस्या समाधान आयोग ताहाचल, काठमाडौं को मिति २०८२/०४/३० गतेको प्रकाशित सूचना अनुसार कार्य अगाडी बढाउन अनुरोध छ।भूमि समस्या समाधान आयोग ताहाचल, काठमाडौं ले प्रकाशन गरेको सूचना यसै पत्र साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ।

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तामी टक्सार, गुल्मी
दर्ता नं. २००
मिति २०८२/०५/०२

कृष्ण सुनार
अध्यक्ष

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका बिषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।